# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १९ ] काठमाडौं, श्रावण २४ गते २०२६ साल [ अतिरिक्ताङ्क १९

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको
### सूचना

श्री ५ महाराजाधिराज सरकारबाट बनाई बक्सेको तल लेखिएको संहिता सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

#### वर्गीय संगठनका केन्द्रिय कार्य समितिका सदस्यहरूको
#### आचरण (संशोधन) संहिता, २०२६

वर्गीय संगठनका केन्द्रिय कार्य समितिका सदस्यहरूको आचरण संहिता, २०२४ (यस पछि मूल संहिता भनिएको) लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा ६७ (ग) का उप–धारा (२) को खण्ड (ख) बमोजिम श्री ५ महाराजाधिराजबाट राजसभासंग परामर्श गरी बक्सी यो संहिता बनाई बक्सेको छः–

१. संक्षिप्त नाम र प्रारम्भ :– (१) यो संहिताको नाम "वर्गीय संगठनका केन्द्रिय कार्य समितिका सदस्यहरूको आचरण (संशोधन) संहिता, २०२६" रहेको छ ।

(२) यो संहिता तुरुन्त प्रारम्भ हुनेछ ।



९६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) मूल संहिताको नियम ११ पछि नियम १२ थप्ने:– मूल संहिताको नियम ११ पछि देहाय बमोजिमको नियम १२ थपिएको छः–

१२. संहिता सम्बन्धी उजुरी हेर्ने व्यवस्थाः– (१) वर्गीय संगठनका केन्द्रिय कार्य समितिका कुनै सदस्यले संहिता अनुसार गर्नु पर्ने आचरण गरेको छैन भन्ने उजुरीको सम्बन्धमा राष्ट्रिय पञ्चायतका सदस्यहरूको आचरण सम्बन्धी उजुरी हेर्ने आयोगले तत्सम्बन्धमा अपनाइने कार्यविधि बमोजिम नै सो उजुरी हेर्नेछ ।

(२) उप–दफा (१) बमोजिम कारवाई भै संहिता बमोजिम आचरण गरेको छैन भनी आयोगले ठहऱ्याएको प्रतिवेदन श्री ५ महाराजाधिराजबाट स्वीकृति गरिबक्सेमा वर्गीय संगठनका केन्द्रिय कार्य समितिका त्यस्ता सदस्य निष्काशित भएको मानिने छ र त्यसरी निष्काशित भए पछि निजको स्थान स्वतः रिक्त हुनेछ ।

हुकुम बक्से बमोजिम
सरदार हंसमान सिंह
श्री ५ महाराजाधिराजको प्रमुख सचिव ।

९६४

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।